राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ४ २०८२ साउन ५ गते सोमवार (21 July 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## सिरहा कारागारमा कैदीबीच झडप १३ घाइते, सुरक्षा व्यवस्थामा प्रश्न

दैनिक समाचारदाता

जनकपुरधाम, ४ साउन। सिरहा जिल्लाको सदरमुकामस्थित कारागारमा आइतबार दिउँसो कैदीबन्दीहरूबीच भएको झडपमा १३ जना घाइते भएका छन्। कारागार प्रशासनले रोक्न खोज्दा उत्पन्न तनाव झडपमा परिणत भएको हो।

प्राप्त जानकारी अनुसार कारागारका नाइके दीपक ठाकुर, मूलनाइके वरुण महतो, चौकीदार विजय महतोसहितका कैदीहरू झडपमा घाइते भएका छन्। उनीहरूलाई उपचारका लागि प्रदेशिक अस्पताल सिरहा पठाइएको प्रहरीले जनाएको छ। झडपपछि कारागार परिसर तनावग्रस्त बनेको छ। स्थिति नियन्त्रणमा लिनका लागि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। झडप किन र कसरी सुरु भयो भन्ने विषयमा स्पष्ट विवरण आइसकेको छैन।




- ♦झडप रोक्न खोज्दा प्रशासन र कैदीबीच तनाव
- ♦घाइतेलाई प्रदेशिक अस्पतालमा उपचार
- ♦कारागारको क्षमता २००, हाल कैदी संख्या ४५८
- ♦कारागारभित्र इँटा लगायत कठोर वस्तु लगिएकोमा विवाद
- ♦प्रशासनको अनुगमनपछि पनि झडप, सुरक्षा व्यवस्था कमजोर
- ♦अधिकारकर्मीहरूले कारागार सुधारको माग गरे

सिरहा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी वीरेन्द्र पासवानले घटनाबारे विस्तृत जानकारी नभएको जनाए। म अहिले अस्पतालमा घाइतेको अवस्थाबारे बुझ्न आएको छु। घटनाबारे आधिकारिक जानकारी लिन सीडीओ सँग सम्पर्क गर्नु होला, डीएसपी पासवानले भने।

तर सिरहाका प्रमुख जिल्ला अधिकारी ९सीडीओ० विश्वप्रकाश अर्यालसँग सम्पर्क

*बाँकी पृष्ठ ३मा*

## पाँच जिल्लामा दुई हजार बढी फर्मलाई कारवाही

वीरेन्द्र कर्ण

जनकपुरधाम, ४ साउन। गुणस्तर तथा नापतौल कार्यालय धनुषाले आर्थिक वर्ष २०८१/०८२ मा २ हजार ४३ व्यापारिक फर्मलाई कारवाही गरी २२ लाख ६० हजार ४ सय रुपैया जरिवाना गरेको छ।

*‘आर्थिक वर्ष २०८१/८२ मा धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप जिल्लामा अनुगमन गर्दा कानुनी प्रक्रिया बिना सञ्चालनमा रहेका २ हजार ४३ व्यापारिक फर्मलाई कारवाही गर्दै २२ लाख ६० हजार रुपैयाँभन्दा बढी जरिवाना गरेको छ।’*

प्राप्त समाचार अनुसार सो कार्यालयको क्षेत्राधिकार भित्र पर्ने धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप जिल्लामा अनुगमन गर्दा अधिकांश फर्मले अनुमति एवं जाँच गराएर प्रयोग गर्नुपर्नेमा त्यो नगरी फर्म सञ्चालन गरेकोले ती २०४३ व्यापारिक फर्मलाई कारवाही गरी २२ लाख ६० हजार ४ सय रुपैया जरिवाना गरेको कार्यालय प्रमुख सुनिल कुमार यादवले बताउनुभयो। सो कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न शीर्षकमा ११ लाख १ हजार ९ सय ६८ रुपैया राजस्व सकलन गरेको छ। यो रकम २०८०/०८१ को तुलनामा करीब ६० प्रतिशतले बढी देखिएको छ।

विगतभन्दा नापतौल कार्यालयले यन्त्रको नयाँ अनुमति पत्र लिनेको संख्यामा वृद्धि भएको नापतौल तथा नाप्ने तौल्ने यन्त्र जाँच गराउने व्यापारीहरुको संख्यामा वृद्धि हुनुको साथै जरिवाना तिर्नेहरुको जरिवाना पनि बढ्न जाँदा राजस्व समेत बढ्न गएको प्रमुख यादवको भनाई छ।

कार्यालयले सम्बन्धित पाँच जिल्लामा घुम्ति सेवा प्रदान, जनचेतना कार्यक्रमको आयोजना गरी प्रभावकारी अनुगमन समेत गरेको छ।

सो कार्यालयका अनुसार आर्थिकवर्ष २०८०/२०८१ मा नापतौल तथा नाप्नेतौल्ने यन्त्रको प्रयोगका लागि ४ सय ४५ जनाले नयाँ अनुमति पत्र लिएको छ भने आर्थिक वर्ष ०८१/८२ मा ९ सय १७ जनाले अनुमति पत्र लिएका छन्। सो अवधिमा नाप्नेतौल्ने यन्त्रको जाँच गराउने व्यापारीहरुको २ हजार ६ सय ३० जना रहेको छ।

## पत्रकार महासंघ मधेश समितिको चाँडै भवन निर्माण प्रक्रिया सुरु हुने

दैनिक समाचारदाता

जनकपुरधाम, ४ साउन। नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले अब आफ्नै भवन निर्माण प्रक्रिया सुरु गर्ने जनाएको छ। जनकपुरधाम उपमहानगरपालिकास्थित श्रीराम मन्दिर गुठीको जग्गा लिजमा प्राप्त भई सकेकोले भवन निर्माण कार्य चाँडै सुरु हुने प्रदेश अध्यक्ष श्यामप्रसाद बन्जाराले जानकारी दिए।

गुठीको जग्गा लिजमा लिनका लागि लामो समयसम्म संघर्ष गर्नु परेको उल्लेख गर्दै अध्यक्ष बन्जाराले भने, “गुठीको जग्गा प्राप्त गर्नु आफैंमा चुनौती थियो। त्यसमाथि आफ्नै समुदाय, अर्थात् पत्रकारहरूमध्ये केहीले असहयोग गरेका थिए। अन्ततः त्यो जग्गा महासंघको नाममा लिजमा लिन सफल भयौं।”

जग्गासम्बन्धी निर्णय सार्वजनिक भएपछि मधेश प्रदेशका संचार, कानून तथा गृहमन्त्री राजकुमार लेखीले केही आलोचनात्मक टिप्पणी गरेका थिए। महासंघले ती टिप्पणीलाई असहज त ठानेको भए पनि त्यसैबाट प्रेरणा लिएर अझ दृढताका साथ अगाडि बढ्न सकेको अध्यक्ष बन्जाराको भनाइ छ।

जग्गा प्राप्तिमा केन्द्रीय समितिदेखि गुठी संस्थानसम्म पुऱ्याइएको चासो, सुझाव र पत्राचार महत्त्वपूर्ण रहेको बताउँदै महासचिव रामप्रसाद दाहाललगायत नेतृत्वको योगदान स्मरणीय रहेको अध्यक्ष बन्जाराले उल्लेख गरे।

भवन निर्माणका लागि आवश्यक बजेटमा कञ्जुस्याइँ नगरिने प्रतिबद्धता प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह र भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादवबाट प्राप्त भएकाले महासंघ यस विषयमा आश्वस्त रहेको जनाएको छ।

## देशभरका ११ राजमार्ग पूर्ण रुपमा अवरुद्ध

दैनिक समाचारदाता

काठमाडौं, ४ साउन। मुलुकभर परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट देशभरका ११ राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका छन्। प्रहरी प्रधान कार्यालयका अनुसार शनिबार साँझदेखि परेको अविरल वर्षाका कारण ११ मुख्य राजमार्ग अवरुद्ध भएका हुन्। अवरुद्ध हुनेमा सङ्खुवासभास्थित कोशी राजमार्ग, पाँचथरस्थित मेची राजमार्ग, पाँचथरस्थित तमोर करिडोर सडकखण्ड, पाँचथरस्थित मध्यपहाडी लोकमार्ग रहेका छन्।

यस्तै, रसुवास्थित पासाङ-ल्हामु राजमार्ग, बाग्लुङस्थित कालीगण्डकी करिडोर, मुस्ताङस्थित जोमसोम-लोमान्थाङ सडक, रोल्पास्थित सहिद राजमार्ग, रुकुम पश्चिमस्थित जाजरकोट-डोल्पा भेरी करिडोर र बैतडीस्थित महाकाली राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका छन्।

यसैगरी, काठमाडौंको टोखाबाट नुवाकोट जाने सडकखण्ड, बागलुङ नगरपालिकास्थित कालीगण्डकी करिडोर, बागलुङको गलकोटस्थित मध्यपहाडी लोकमार्ग, नवलपरासी पूर्वस्थित कालीगण्डकी करिडोर, रोल्पाको परिवर्तन गाउँपालिकास्थित सहिद राजमार्ग एकतर्फी सञ्चालन भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

## अत्यावश्यकबाहेक लामो यात्रा नगर्न प्रधानमन्त्रीको अनुरोध

दैनिक समाचारदाता

काठमाडौं, ४ साउन। प्रधानमन्त्री केपी शर्मा ओलीले अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन समस्त देशवासीमा अनुरोध गर्नुभएको छ। साथै उहाँले मौसमजन्य विपद्बाट जोगिन तथा सजग रहन आह्वान पनि गर्नुभएको छ।

जल तथा मौसम विज्ञान विभागले आज दिउँसो देशका विभिन्न स्थानमा भारी वर्षा हुने अनुमान गरेकाले अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन अनुरोध गर्नुभएको हो। विभागले जारी गरेको विवरण सार्वजनिक गर्दै प्रधानमन्त्री सामाजिक सञ्जालमा सचेत रहन अनुरोध गर्नुभएको हो। “शुभ बिहानी ! मौसम विज्ञान विभागले आज दिउँसो




देशका विभिन्न स्थानमा भारी वर्षा हुने अनुमान गरेको छ। मौसमजन्य विपद्बाट बच्न सुरक्षा निकायले आवश्यक सतर्कताका लागि जारी गरेको सूचनालाई पालना गरौं। अत्यावश्यकबाहेक लामो यात्रा नगर्न र सुरक्षित स्थानमा रहन अनुरोध गर्दछु। सुरक्षाकर्मीलाई आवश्यक सुरक्षाको तयारी अवस्थामा रहन निर्देशन गर्दछु”, प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा लेख्नुभएको छ। रासस

बाढी र पहिरोबाट सचेत होऔं।

बाढी र पहिरो आउनुअघिः
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउं भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं।

*बाढी र पहिरो आएमाः*
- अनावश्यक हिडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# संवैधानिक पदको गरिमा र सक्रिय राजनीतिमा पूर्व राष्ट्रपतिको पुनरागमन

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले हालै उठाएको एक विषय गम्भीर बहसको केन्द्रबिन्दु बन्न पुगेको छ–पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिको सक्रिय राजनीतिमा पुनरागमन। उनका विचारले नेपालमा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र संवैधानिक पदको नैतिक मर्यादा कति संवेदनशील विषय हो भन्ने उजागर गरेको छ। नेपालको संविधानमा राष्ट्रपतिको भूमिका सेरेमोनियल अर्थात् औपचारिक रहेको भए तापनि, राष्ट्रपतिको पद राष्ट्रको एकताको प्रतीक र लोकतान्त्रिक व्यवस्थाको सम्मानित अंगका रूपमा चिनिन्छ। यस्ता संवैधानिक पदमा आसीन व्यक्तिहरूबाट दलगत राजनीति भन्दामाथि उठेर राष्ट्रिय हित र लोकतान्त्रिक मूल्यको संरक्षण अपेक्षित रहन्छ। त्यसैले, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन पुनः सक्रिय दलगत राजनीतिमा फर्किनु केवल उनीहरूको व्यक्तिगत वा दलगत निर्णयको विषय मात्र होइन, यसले गणतन्त्रको नैतिक धरातल र शासकीय मर्यादामा समेत गम्भीर असर पार्न सक्छ।

डा. भट्टराईले उठाएको मूल प्रश्न भनेको यस्तै संवेदनशील विषयमा नैतिक मूल्य, सार्वजनिक दृष्टिकोण र अन्तर्राष्ट्रिय परिपाटीको अवलोकन हो। भारतजस्ता पुराना लोकतान्त्रिक गणतन्त्रहरूमा डा. राजेन्द्र प्रसाददेखि प्रणव मुखर्जीसम्मका राष्ट्रपतिहरूले कार्यकाल सकिएपछि दलगत राजनीति नअपनाएको दृष्टान्त मार्फत उनले यथोचित सन्देश दिएका छन्। लोकतन्त्रको सुन्दरता यही हो–संविधानले जे अनुमति दिन्छ, त्यो नै गर्ने छुट मात्र होइन; के गर्नुपर्छ भन्ने विवेक पनि आवश्यक हुन्छ।

नेपालमा हालको बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थाले पुरानो 'पार्टी स्टेट' संरचना अस्वीकार गरिसकेको सन्दर्भमा, कम्युनिस्ट पृष्ठभूमिका पूर्व राष्ट्रपतिको पुनरागमन दल र देश दुवैका लागि दिशाहीनताको कारण बन्न सक्छ। विशेषगरी जब पूर्वराष्ट्रपतिले पार्टीमा फर्कने आधार 'जबजको रक्षा' भनेर दिन्छन्, त्यसले विचार र आन्दोलनमै अन्योल सिर्जना गर्छ। 'जबज' स्वयंले एकपटक दलभन्दा माथि उठ्ने आग्रह गरेको सिद्धान्त हो; त्यसकै रक्षा गर्ने नाममा दलगत मोह देखाउनु आत्मविरोधी व्यवहार सावित हुनसक्छ। यो प्रसंगमा डा. भट्टराईको भनाइ, "हिजो संघीय लोकतान्त्रिक गणतन्त्रका लागि अतुलनीय योगदान गरेका नेताबाट जनताले नैतिक नेतृत्वको अपेक्षा गर्नु कसरी अन्यथा हुन्छ?" भन्ने कुरा अत्यन्त सान्दर्भिक छ। गणतन्त्र स्थापनाको इतिहासमा योगदान पुर्‍याएकाहरूले नै यदि त्यसको नैतिक संरचना खल्बल्याउने व्यवहार गर्छन् भने त्यो देशको संस्थागत विकासको लागि खतरा बन्न सक्छ। समग्रमा, यो विषय केवल दुई व्यक्तिको राजनीतिक पुनरागमनको विषय होइन; यो गणतन्त्रको भविष्य, संस्थागत स्थायित्व, संवैधानिक पदहरूको गरिमा र दलगत राजनीतिबाट लोकतान्त्रिक मूल्यहरूलाई माथि राख्ने सोचको परीक्षण हो। यसबारे खुला बहस आवश्यक छ, र त्यस बहसमा विचार, विवेक र मूल्य-त्रयलाई प्राथमिकता दिन सक्नुपर्छ।

# सुस्वास्थ्यपूर्ण मृत्यु

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ले चिकित्सा शिक्षा कार्यक्रमलाई केवल विज्ञानको सीमा भित्रै सीमित नराखी मानवीय संवेदनशीलताको दायरा पनि समेट्ने उद्देश्य राखेको छ। यही उद्देश्य हासिलगर्न सन् २०१८ देखि वास्तविक घटना, जीवनी, कविता, फिल्म तथा अपाङ्गता भएका ब्यक्तिहरुको जीवन्त अनुभवको बारेमा बिधार्थीहरु संग छलफल तथा बहस गरिन्छ। गरिवी, असमानता, सामाजिक न्याय, समानुभूति सहितको चिकित्सक, नर्स, जनस्वास्थ्यकर्मी तथा निस्वार्थ सेवाको बारेमा गम्भीर छलफल, बहस र सामाजिक उत्तरदायी भावनाको विकास गर्न कोशिस गर्छ।



डा मधुसुदन सुवेदी

> साँच्चै भन्ने हो भने, सुस्वास्थ्यपूर्ण मृत्युमा चार मुख्य तत्व हुन्छन्– पीडामुक्ति, गरिमा, आत्मिक शान्ति र प्रियजनको साथ। पाटन स्वास्थ्य विज्ञानका विद्यार्थीहरूले यस्तो ज्ञान 'मानवीय चिकित्सा' बिषय पढ्दै गर्दा सिक्छन् जसले परिवार, समाज र स्वास्थ्यकर्मी सबैलाई स्पर्श गर्छ।

यी उल्लेखित बिषयसंग जोडेर जीवन र मृत्युको गहिरो अर्थबारे पनि विद्यार्थीहरूलाई सोच्न सिकाउँछ। यो कोर्सले उनीहरूलाई एकपटक आफैंसँग प्रश्न गर्न बाध्य पार्छ, 'तपाईं आफ्नो मृत्यु कस्तो होस् भन्ने चाहनुहुन्छ?' यस्तो प्रश्नको उत्तर सजिलो छैन। धेरैको लागि यो अप्रत्यासित प्रश्न हुन्छ। हाम्रो संस्कृतिमा मृत्युलाई सामान्य छलफलको विषय मानिँदैन। तर स्वास्थ्यकर्मीको भूमिकामा यो बुझ्नु अत्यावश्यक छ किनभने स्वास्थ्यकर्मीहरु अरूका जीवनका अन्तिम क्षणहरूमा उपस्थित हुनु पर्छ।

हिन्दू र बौद्ध परम्परामा मृत्यु केवल जीवनको अन्त्य होइन। यो जीवनको एक पवित्र चरण हो, जसले आत्मालाई नयाँ यात्राको ढोका खोलिदिन्छ। हिन्दू दर्शनमा भनिन्छ- जसरी शरीर पुरानो भइ सकेपछि कपडा बदलिन्छ, आत्माले पनि नयाँ शरीर ग्रहण गर्छ"। यस अर्थमा मृत्युलाई डरको विषय होइन, तर आत्मिक मुक्तिको अवसरका रूपमा लिइन्छ। बौद्ध परम्परामा पनि मरणस्मृति (मृत्यु स्मरण) अभ्यासले जीवनका क्षणहरूको महत्व झल्काउँछ। सबै चीजहरू नाशवान छन् भन्ने बोधले जीवन र मृत्युका बीचको सन्तुलन सिकाउँछ। नेपालमा धेरैजसो व्यक्तिहरु अन्तिम सास घरमै लिन पाउनु ठूलो कुरा मान्छौं। पूर्खाहरूले अन्तिम क्षणमा तुलसीको पात वा गङ्गाजल मुखमा राखिदिने, गीता वा रामायणको पाठ गर्ने चलन राखेका थिए। यो केवल धार्मिक आस्था होइन, बरु मृत्युलाई शान्तिपूर्ण र सम्मानजनक बनाउनको प्रयास थियो। तर आजको स्वास्थ्य प्रणालीमा बिरामीहरू अस्पतालको आइसीयुमा र मेशिनहरूले घेरेको अवस्थामा, प्रियजनहरूको साथबिना अन्तिम सास लिइरहेका छन्। के यस्तो मृत्यु उनीहरूले चाहेका थिए वा चाहन्छन?

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कक्षामा विद्यार्थीहरूले यस्तै गहिरा प्रश्नहरूसँग जुध्न सिक्छन्। कसैले भन्छन्, 'म चाहन्छु कि मेरो अन्तिम दिनहरू परिवारसँग बितून्, बच्चाहरूले मेरो हात समातून्, र मैले आफ्नै घरको आँगनमा मर्न पाउँ।' कसैले भन्छन्, 'म आफ्नै परम्परामा सफल जिन्दगीको अनुभव गर्दै छोरा-छोरीको अगाडि मर्न पाउँ।' धेरैले सम्झनायोग्य कामलाई प्राथमिकता दिदै, सफल जिन्दगि पछिमात्र मृत्युको कल्पना गर्छन। यी उत्तरहरूले देखाउँछन् कि मृत्युका बारेमा सोच्नु भनेको जीवनका प्राथमिकताहरूबारे सोच्नु हो र सोहीअनुसार कर्म गर्नु हो।

बौद्ध दर्शन अनुसार अन्तिम क्षणको मानसिक अवस्था पुनर्जन्मको गुणस्तरमा प्रभाव पार्छ। यसैले ध्यान, प्रार्थना र शान्त वातावरणलाई महत्वपूर्ण मानिन्छ। स्वास्थ्यकर्मीहरूले बिरामीका यी आध्यात्मिक आवश्यकताहरू बुझेर सहयोग गर्न सके, उनीहरूलाई "सुस्वास्थ्यपूर्ण मृत्यु" दिन सकिन्छ।

यसको व्यावहारिक पक्षमा पेलियेटिभ केयर आउँछ। पेलियेटिभ केयरको उद्देश्य जीवन लम्ब्याउनु मात्र होइन, पीडा कम गर्नु, बिरामीका चाहनाहरूको सम्मान गर्नु र परिवारलाई भावनात्मक रूपमा सघाउनु हो। बिश्व स्वास्थ्य संगठनले पनि जीवनको अन्तिम दिनहरूमा बिरामीका सामाजिक, मानसिक र आध्यात्मिक पक्षलाई उत्तिकै महत्व दिनुपर्ने बताउँछ।

साँच्चै भन्ने हो भने, सुस्वास्थ्यपूर्ण मृत्युमा चार मुख्य तत्व हुन्छन्- पीडामुक्ति, गरिमा, आत्मिक शान्ति र प्रियजनको साथ। पाटन स्वास्थ्य विज्ञानका विद्यार्थीहरूले यस्तो ज्ञान 'मानवीय चिकित्सा' बिषय पढ्दै गर्दा सिक्छन् जसले परिवार, समाज र स्वास्थ्यकर्मी सबैलाई स्पर्श गर्छ।

अन्ततः हामी सबैका लागि प्रश्न उस्तै गहिरो छ- 'के म जीवनको अन्तिम दिनहरूमा आफैंले चाहेको वातावरणमा, आफैंले चाहेको सम्मान र शान्तिसँग मृत्यु अँगाल्न पाउँछु?' यो प्रश्न केवल व्यक्तिगत होइन। सबै स्वास्थ्यकर्मीका लागि यो नैतिक जिम्मेवारी पनि हो र उनीहरु आफ्ना बिरामीलाई यस्तो मृत्यु दिलाउन प्रयास गरुन्।

हिन्दू दर्शनले जीवन र मृत्यु दुवैलाई कर्मसँग जोड्छ। 'जस्तो कर्म, उस्तै फल' भन्ने बुझाइ अनुसार अन्तिम क्षणमा पनि आफू र अरूका लागि सकारात्मक कर्म गर्न सकिन्छ। अंगदान गर्नु, अरूका लागि जीवनको आशा बन्नु, यो पनि एउटा उच्चतम कर्म हुन सक्छ। त्यसैगरी बौद्ध धर्ममा निर्वाण प्राप्तिको बाटो अन्तिम क्षणसम्म पनि खुला रहन्छ। स्वास्थ्यकर्मीहरूले यस्तो आध्यात्मिक चाहनालाई सम्मान गर्ने संस्कार राखे भने बिरामीको मृत्युपनि असल बन्न सक्छ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको "मानबिय चिकित्सा" को महत्व यहीँ प्रकट हुन्छ। यसले विद्यार्थीहरूलाई विज्ञान र संवेदनशीलताबीचको पुल बनाउँछ। जब विद्यार्थीहरू जीवन र मृत्युको गहिरो अर्थ बुझ्छन्, उनीहरू केवल कुशल चिकित्सक मात्र होइन, समानुभूतिपूर्ण मानव पनि बन्छन्।

## तपाईको आज

- मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
- वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
- मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
- कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
- सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
- कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
- तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
- वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
- धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
- मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
- कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
- मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# निसीखोलामा अझै जीवितै छ 'थाम राम' संस्कृति

ढोरपाटन (बागलुङ), ४ साउन । 'थाम राम' निसीखोलाको विशिष्ट मौलिक संस्कृति हो । यो सयौँ वर्ष पुरानो मानिन्छ । बागलुङको निसीखोला गाउँपालिका-६ मा यतिबेला यो संस्कृतिले रौनक छाएको छ ।

विशेषगरी साउने सङ्क्रान्ति पर्वसँग साइनो जोडिएको थाम रामलाई स्थानीयले संरक्षणमा जोड दिएका छन् । स्थानीयको भाषामा 'थाम'को अर्थ तरुनी तन्नेरी हात समाएर नाचगान गर्ने, दौडिने र 'राम'को अर्थ मेला भन्ने बुझिन्छ । हरेक वर्ष साउन १ गते गाउँका युवायुवती जम्मा भएर लेकमा पुगेर फूल टिप्ने गर्छन् । गीत गाउँदै, नाच्दै र रमाइलो गर्दै फूल टिप्न लेक पुगेका उनीहरु साँझ गाउँ फर्किएर सङ्क्रान्ति मनाउने गर्छन् । भोलिपल्ट थामडाँडामा जम्मा भएर तरुनीतन्नेरीलाई लेकबाट लिएको फूल लगाइदिने, नाचगान गर्ने र हात समातेर दौडिने गर्छन् । हात समाएर दौडिने संस्कृतिलाई स्थानीयले थाम खेल्ने भन्छन् ।



थाम खेल्नेमा युवायुवतीदेखि बूढाबूढीसम्म सहभागी हुन्छन् । यो संस्कृतिलाई नयाँ पुस्ताले पनि चासो दिएका छन् । यसरी थाम खेल्दा देवीदेवता खुसी हुने धार्मिक मान्यता छ । निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरका अनुसार पहिलेपहिले थाम खेल्ने जोडीले मायाप्रेम गर्ने र विवाह गर्ने गर्थे । तर पछिल्लो समय त्यो चलन भने कम भएको छ । थाम राम युवायुवतीको जमघट हुने माध्यसमेत रहेको अध्यक्ष घर्तीमगरले बताउनुभयो ।

"थाम राम यो क्षेत्रको ऐतिहासिक संस्कृति हो, यसमा मगर समुदायको पहिचान जोडिएको छ, लेकमा फूल टिप्न जाँदा देउरालीमा ध्वजा बाँध्ने, फूल चढाउने र पूजा गर्ने गरिन्छ, यसरी फूल चढाउँदा पितृ खुसी हुने जनविश्वास छ", अध्यक्ष घर्तीमगरले भन्नुभयो, "लेकमा फूल टिप्ने र थाम खेल्ने चलन त धेरै पहिलादेखि मनाइँदै आएको छ, हामीहरू पनि यसलाई संरक्षण गर्नुपर्छ भनेर लागेका छौँ ।"

यो संस्कृति द्वन्द्वकालमा हटेको थियो । विसं २०५७ देखि रोकिएको संस्कृति स्थानीयले गत वर्षदेखि पुनः मनाउन थालेका छन् । स्थानीय ६८ वर्षीय नैनसिंह बुढामगरले यो संस्कृति कहिलेदेखि मान्न सुरु भएको भन्ने यकिन नभएपनि बूढापाकाले भनेअनुसार बाइसेचौबीसे राजाका पालादेखि सुरु भएको हुनसक्ने बताउनुभयो । थाम रामले वर्षौंदेखि टाढिएका प्रेमीप्रेमिका, आफन्त जमघटको अवसर जुटाउने उहाँको भनाइ छ ।

बुढामगरले भन्नुभयो, "थाम राम पुरानो संस्कृति हो, यसबेला फूल टिप्ने, तरुनी तन्नेरीलाई लगाइदिने, नाचगान गर्ने र मनका वेदना पोख्ने गरिन्छ, पहिलेपहिले अहिलेको जस्तो फोनको जमान थिएन, तरुनीतन्नेरी भेट हुनका लागि कुनै मेला महोत्सव हुनुपर्थ्यो, त्यसका लागि स्थानीयले लेकमा गएर फूल टिप्ने र थाम खेल्ने एउटा समय तोके सोहीअनुसार अहिले चल्दै आएको भन्ने लाग्छ, त्योसँगै धार्मिक आस्थासँग पनि यसको महत्व जोडिएको छ ।"

यहाँको रिग युवा क्लबले थाम राम संस्कृतिको संरक्षणमा अग्रणी भूमिका खेल्दै आएको छ । युवालाई एकीतृत गर्ने र पाका पुस्ताबाट नयाँ पुस्तामा संस्कृति हस्तान्तरणको प्रयास गरिएको छ । युवालाई बूढापाकासँगै राखेर सिकाउने कार्य गरेको क्लबका अध्यक्ष भुवनसिंह घर्तीमगरले जानकारी दिनुभयो । युवाले चासो नदिए संस्कृति नै लोप हुने उहाँको भनाइ छ । रासस

# प्रत्यक्ष निर्वाचनमै समानुपातिक सहभागिता आवश्यक : देउवा

दैनिक समाचारदाता

काठमाडौँ, ४ साउन । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचत प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्ने बताउनुभएको छ ।

सभापति देउवा निवास बूढानीलकण्ठमा आज नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्मासहितको टोलीले प्रत्यक्षभित्र पनि समानुपातिक सहभागिता चाहिन्छ ।"

मञ्चका अध्यक्ष विश्वकर्माले बुझाएको विभिन्न २१ बुँदे सुझावपत्रमा महिला तथा महिलाभित्रको अन्तर-सामुदायिक समावेशीलाई सम्बोधन गर्न प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको जनसंख्याको आधारमा कम्तीमा ५० प्रतिशत उम्मेदवारको व्यवस्था गरिनुपर्ने,



'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मस्यौदामा संशोधनका लागि बुझाएको ज्ञापनपत्र बुझ्दै उहाँले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचनभित्र समानुपालितक प्रतिनिधित्व जरुरी भएको बताउनुभयो ।

"निर्वाचन विधेयकमा आएको संशोधनका विषयमा म पार्टीभित्र र अन्य राजनीतिक दलहरुसँग पनि सल्लाह गर्छु", सभापति देउवाले भन्नुभयो, "प्रत्यक्ष निर्वाचन प्रणाली जनतासम्म पुग्ने मुख्य आधार हो, दलित महिलालाई अल्पसंख्यक महिलाहरुद्वारा प्रतिस्थापन गर्ने प्रस्तावमा दलित महिलालाई राजनैतिक सहभागिताको अधिकारबाट वञ्चित गर्ने हुँदा उक्त संशोधनको व्यवस्थालाई अविलम्ब हटाउनुपर्नेमा जोड दिइएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचनमा महिला र दलितका लागि चक्रीय प्रणालीबाट निर्वाचन क्षेत्र तोकिने गरी महिलाका लागि ५० प्रतिशत दलितका लागि १३ प्रतिशत निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्ने उहाँहरुको माग छ ।

# बुटवल-नारायणगढ दाउन्ने सडक: एक वर्षमै ६३ पटक बन्द



मध्यविन्दु (नवलपरासी), ४ साउन । बुटवल-नारायणगढ सडकअन्तर्गतको दाउन्ने खण्ड एक वर्षमा ६३ पटक अवरुद्ध भएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साउन १ गतेदेखि २०८२ असार ३२ गतेसम्म ६३ पटक अवरुद्ध भएको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व) का प्रमुख जनक बन्जाराका अनुसार पछिल्लो एक वर्षमा उक्त सडक पूर्ण वा आंशिक रूपमा अवरुद्ध भएको छ । यीमध्ये अधिकांश घटना भारी वर्षासँगै आएको पहिरो वा खसेको माटोले सडक अवरुद्ध हुँदा भएका थिए । सडक मर्मतका क्रममा ठूला उपकरण जाम हुँदा र ट्रक बिग्रिएर रोकिँदा पनि घण्टौँसम्म बाटो थुनिएको थियो ।

दाउन्ने क्षेत्रको विश्वकर्मा मन्दिर, घ्युखोला, त्रियासी मोडलगायत क्षेत्रमा बढीजसो सडक अवरुद्ध भएको पाइएको छ । बुटवल-नारायणगढ सडक विस्तारका लागि दाउन्ने पहाडमा भित्तो कटानको काम सुरु गरेसँगै सडक अवरुद्ध हुने क्रम बढेको हो । जम्मा १४ किलोमिटर दूरी रहेको दाउन्ने क्षेत्रमा गत आर्थिक वर्ष विगतको भन्दा धेरैपटक सडक अवरुद्ध भएको प्रमुख बन्जाराले बताउनुभयो ।

"वर्षाको समयमा लगातार पहिरो, हिलो र सडक कटानका कारण तथा घाम लागेका दिनमा खाल्डाखुल्डी र धुलोले दाउन्ने क्षेत्र सधैँजसो समस्याग्रस्त बनिरहेको छ", उहाँले भन्नुभयो ।

गत पुस २६ गते विनयी त्रिवेणी गाउँपालिका-१ दुम्कीवासको विनयी खोला पुल भाँचिएपछि यस क्षेत्रको यातायात थप अस्तव्यस्त बनेको थियो । सो अवधिमा निर्माण गरिएको अस्थायी डाइभर्सन पटकपटक खोलाले बगाउँदा यातायात अवरुद्ध हुने गरेको थियो । गत असार १९ गतेदेखि विनयी खोलामा नयाँ पुल सञ्चालनमा आएपछि सो समस्या टरेको छ ।

दाउन्ने सडकखण्ड विस्तारका लागि गत चैत २७ देखि चैत ३१ गतेसम्म दिनको ११:०० देखि ३:०० बजेसम्म र वैशाख १ देखि ३१ गतेसम्म रातिको ११:०० देखि बिहान ५:०० बजेसम्म अत्यावश्यकबाहेकका सवारी सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम गरिएको थियो । अहिले दाउन्ने खण्डमा पर्खाल लगाउने, कल्भर्ट निर्माण र सडक ढलानको काम भइरहेको पूर्वी खण्डका सूचना अधिकारी इञ्जिनियर शिव खनालले बताउनुभयो ।

नारायणगढ-बुटवल सडकखण्डको एक सय १४ किलोमिटरअन्तर्गत गैँडाकोटबाट दाउन्नेसम्मको ६५ किलोमिटरमध्ये बजार क्षेत्रमा सर्भिस लेनसहित ६ र जोखिम बढी रहेको क्षेत्र मानिने दाइउन्नेको १४ किलोमिटर खण्डमा तीन लेनको सडक विस्तारको काम चलिरहेको छ । रु १७ अर्ब लागतमा सडक निर्माणको ठेक्का पाएको चाइना स्टेट इञ्जिनियरिङ कर्पोरेसनले हालसम्म तीनपटक म्याद थपिसकेको छ । यही साउन मसान्तसम्म काम सम्पन्न गर्नुपर्ने छ । रासस

# 'द फेस नेपाल'को उपाधि जोस र तृषालाई

काठमाडौं ४ साउन । मोडलिङ रियालिटी शो 'द फेस नेपाल भोल्युम ५'को शीर्ष उपाधि पुरुषतर्फ जोस गरेट र महिलातर्फ तृषा चेम्जोङले जितेका छन् ।

होटल सोल्टीमा भएको फिनालेमा उनीहरुले उपाधि जितेका हुन् । उपाधिसँगै जनही ३ लाख ५० हजार रुपैंयाँ नगद पुरस्कार जितेका छन् ।

यू क्यान फ्लाई मोडलिङ एजेन्सीले आयोजना गरेको प्रतियोगितामा गणेश क्षेत्री र एलिना चौधरी फस्ट रनरअप, एलेन थापा र प्राश्ना श्रेष्ठ सेकेण्ड रनरअप तथा इर्भान वीर कंशकार र प्रतिष्ठा रिजाल थर्ड रनरअप भए ।

कम्पनीकी प्रबन्ध निर्देशक स्वीकृति प्याकुरेलले नेपाली



मोडललाई नेपालमै उनीहरुको प्रतिभा चिनाउन र मोडलिङ गर्नकै लागि विदेश जानु नपरोस् भनेर प्रतियोगिता गरिएको बताइन् ।

'यो प्रतियोगितापछि यसको जुन किसिमको हाइप नेपालमा बढेको छ, विजेताले जुन किसिमको एक्सपोजर ल्याउनुभएको छ । त्यो कुराले हामी सन्तुष्ट र खुशी छौं', उनले भनिन् ।

एजेन्सीका संस्थापक सम्शाद शाहले प्रतियोगिता मोडलहरुका लागि उपयुक्त प्लेफर्म बनेको बताए ।

# सिरहा कारागारमा............

गर्न खोज्दा सफल हुन सकेन। कारागार स्रोतका अनुसार, केही कैदीहरूले सुरक्षामा असर पुऱ्याउने किसिमका सामान– जसमा इँटा र अन्य कठोर सामग्री–भित्र लगेका थिए। कारागार प्रशासनले ती सामान हटाउन निर्देशन दिएपछि विवाद सुरु भएको हो। त्यही विवादले उग्र रूप लिँदै झडपमा परिणत भएको जनाइएको छ।

शनिबारमात्रै स्थानीय प्रशासनले सिरहा कारागारमा अनुगमन गरेको थियो। कैदीबन्दीहरूबीच अवैध गतिविधि भइरहेको गुनासो आएपछि अनुगमन गरिएको बताइएको छ।

सिरहा कारागारको क्षमता २०० जनाको मात्र हो तर हाल उक्त कारागारमा ४५८ जना कैदीबन्दी रहेका छन्। क्षमताभन्दा दोब्बर बढी कैदी राखिँदा व्यवस्थापनमा चुनौती आएको देखिन्छ।

यस घटनाले कारागारभित्रको सुरक्षा अवस्था र व्यवस्थापनप्रति प्रश्न उठाएको छ। बारम्बार यस्ता विवाद र झडप भइरहँदा राज्यका तर्फबाट प्रभावकारी निगरानी र सुधारको खाँचो देखिएको छ।

प्रहरी र प्रशासनले घटनाको विस्तृत अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने जनाए पनि अहिले सम्म आधिकारिक धारणा सार्वजनिक भएको छैन।

स्थानीय समाजसेवी र अधिकारकर्मीहरूले सिरहा कारागारमा भीडभाड र अव्यवस्थित अवस्थाले झनै हिंसात्मक घटना निम्त्याउने चेतावनी दिएका छन्। उनीहरूले राज्यको ध्यान कारागार सुधारतर्फ जान आवश्यक रहेको बताए।

# मिडिया संसदअन्तर्गत राख्नुपर्छ : सांसद विद्या भट्टराई



दैनिक समाचारदाता

काठमाडौं । नेकपा (एमाले)की सांसद विद्या भट्टराईले मिडिया क्षेत्रलाई सरकारअन्तर्गत नभई संसद्अन्तर्गत राखेर जानुपर्ने बताएकी छन् ।

प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आइतबारको बैठकमा मिडिया काउन्सिल विधेयकमाथिको सैद्धान्तिक छलफलमा बोल्दै सांसद भट्टराईले मिडियालाई सरकारअन्तर्गत राख्दा सरकारले आफ्नो अनुकूल हस्तक्षेप गर्न सक्ने बताएकी हुन् ।

उनले नागरिकले सूचना पाउने संवैधानिक अधिकारलाई मध्यनजर गरेर मिडिया काउन्सिल विधेयक अगाडि बढ्नुपर्नेमा जोड दिइन् । उनले सञ्चार क्षेत्र स्वतन्त्र र निष्पक्ष नभएसम्म लोकतन्त्रको व्याख्या गर्न नसकिने पनि धारणा राखिन् ।

उनले भनिन्, 'नागरिकले सूचना पाउने हकलाई मध्यनजर गरेर यो विधेयक अघि बढाउनुपर्छ । स्वनियमलाई संस्थागत गर्दै नियमन गर्ने संयन्त्र विकास गर्न खोजेको छ । जबसम्म मिडिया निष्पक्ष हुँदैन हामीले लोकतन्त्रको व्याख्या गर्न सक्दैनौं । हामीले एउटा संस्थालाई अर्कोमा रूपान्तरण मात्र होइन फरक तरिकाले अघि बढ्नुपर्छ । संस्थागत मूल्य मान्यताको इतिहास र पृष्ठभूमिमाथि अङ्कुश लगाउन खोजेको पनि आउने गरेको छ । नियमनको नाममा मिडियाको भावनामाथि खेल्नु हुँदैन । मिडियालाई प्रोत्साहित पनि गर्नुपर्छ ।'

उनले थपिन्, 'मिडियालाई संसद् अन्तर्गत राख्नुपर्छ । सरकारअन्तर्गत राख्दा राज्यको प्रभाव पर्न सक्छ । नेपाल पत्रकार महासङ्घलाई पनि यसमा जोड्नुपर्छ । उसलाई हामीले स्टेट होल्डर मात्र नभई एउटा पत्रकारको हकहितको लागि काम गर्ने संस्थाको रूपमा विकास गर्नुपर्छ ।'

# प्रधानमन्त्री ओली सेप्टेम्बर १६ मा भारत भ्रमणमा जाने



दैनिक समाचारदाता

काठमाडौं ४ साउन । प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जाने भएका छन् । प्रधानमन्त्री ओली सेप्टेम्बर १६ तारिकमा भारत भ्रमणमा जाने भएका हुन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट समकक्षी ओलीलाई दुई दिने भ्रमणको निमन्त्रणा आएको परराष्ट्र मन्त्रालय श्रोतले जनाएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री ओली सेप्टेम्बर १६ तारिख नयाँ दिल्ली गएर १७ तारिख स्वदेश फर्कनेछन् । भारतीय समकक्षी नरेन्द्र मोदीका तर्फबाट निम्ता आएपछि प्रधानमन्त्री ओली त्यसतर्फ जान लागेका हुन् ।

२०८१ असार ३० गते प्रधानमन्त्री बनेका ओली यसअघि नै भारत भ्रमणमा जान चाहे पनि भारतले निमन्त्रणा गर्न ढिलाइ गर्दा भ्रमण हुन सकेको थिएन ।

नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनमा प्रधानमन्त्री बनेका ओलीले प्रधानमन्त्री बने लगत्तै भारत भ्रमण हुनसक्ने बताएका थिए ।

# बच्चाको मधुमेहको परीक्षण र उपचार निःशुल्क गर्दैछौं : स्वास्थ्यमन्त्री पौडेल




दैनिक समाचारदाता

नवलपुर ४ साउन । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले बालबालिकामा हुने मधुमेहको परीक्षण र उपचार निःशुल्क गर्ने तयारी गरिरहेको बताउनुभएको छ ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोटमा आज आयोजित मधुमेह परीक्षण तथा जनचेतना कार्यक्रममा उहाँले सातवटै प्रदेशमा सेवा सञ्चालनको तयारी गरिरहेको बताउनुभएको हो ।

"बालबालिकामा हुने मधुमेह परीक्षण र उपचारका लागि सातवटै प्रदेशमा निःशुल्क गर्नेगरी हामीले काम अगाडि बढाइरहेका छौँ", स्वास्थ्यमन्त्री पौडेलले भन्नुभयो, "बुढ्यौलीतर्फ उमेर ढल्किँदै गएपछि मधुमेह हुन्छ भन्ने मानसिकता समाजमा रहेको छ, तर बच्चाहरुलाई पनि यो रोग लाग्ने रहेछ ।" नेपालको स्वास्थ्य व्यवस्थामा बालबालिकामैत्री विशेष कार्यक्रम ल्याउनु जरुरी रहेको मन्त्री पौडेलको भनाइ छ ।

वंशानुगत रोगसहितका अन्य रोगका बारेमा विशेष कार्यक्रम ल्याएर बालबालिकालाई सम्बोधन गर्नुपर्ने उहाँले बताउनुभयो । "पछिल्लो समय समाजमा बालबालिकाका विषयमा थुप्रै समस्या देखिएका छन्", उहाँले भन्नुभयो, "मोबाइल, टिभी, ल्यापटपसहितका डिजिटल उपकरण प्रयोग गर्न स्क्रिनमा हेर्ने विषयले समस्या निम्त्याउँदै गएको छ ।"

बच्चाहरुलाई हुनसक्ने समस्याका बारेमा सबैले सावधानी अपनाउनुपर्ने र सरकारले उपचारमा सहजीकरण गर्नुपर्ने मन्त्री पौडेलले बताउनुभयो । बालबालिका र ज्येष्ठ नागरिकको उपचारलाई निःशुल्क कसरी बनाउन सकिन्छ भन्नेतर्फ राज्यले नीति निर्माण गर्नुपर्ने उहाँको भनाइ छ । "वृद्धवृद्धा र बच्चाका सन्दर्भमा यसको भार राज्यले बहन गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "यस विषयमा विभिन्न संस्था बनाएर अन्यत्र जिम्मा लगाउन मिल्दैन ।" राज्यले स्वास्थ्योपचारमा सहयोग पुऱ्याउन सक्दैन भने त्यो लोककल्याणकारी राज्य नभएको उहाँले जिकिर गर्नुभयो ।

कार्यक्रममा नुरा हेल्थ फाउन्डेसनका देशीय निर्देशक डा सुशील कोइरालाले मधुमेह दुई प्रकारको हुने उल्लेख गर्दै बालबालिकालाई लाग्ने यस रोगलाई 'मधुमेह टाइप १' नामकरण गरिएको बताउनुभयो । "पाका उमेरका व्यक्तिलाई हुने मधुमेहमा शरीरले उत्पादन गर्ने इन्सुलिनको मात्रा थोरै हुने तथा औषधि खाएर पनि नियन्त्रण गर्न सकिने हुन्छ", उहाँले भन्नुभयो, "बालबालिकामा हुने मधुमेहमा शरीरले इन्सुलिन उत्पादन गर्दैन, जीवनभर सुइबाट इन्सुलिन दिएर जीवनरक्षा गर्नुपर्ने हुन्छ ।"


मधुमेह टाइप १ लागेका बालबालिकाको सङ्ख्या धेरै भएको हुनसक्ने भन्दै उहाँले नेपालमा अहिले ६०० बिरामी सूचिकृत रहेको बताउनुभयो । "कति बिरामी उपचारका लागि आउनुभएको छैन, कतिले भारतमा गएर समेत उपचार गराइराख्नुभएको छ", उहाँले भन्नुभयो, "मधुमेह लागेका बालबालिकाको एकिन तथ्याङ्क हामीसँग छैन ।"

नेपालका विभिन्न पाँच अस्पतालबाट मधुमेह टाइप १ को उपचार भइरहेको उहाँले बताउनुभयो । यो रोग किशोरावस्थामा सुरु हुने भएकाले यससम्बन्धी विशेष सतर्कता र सावधानी अपनाउनुपर्ने डा कोइरालाले बताउनुभयो ।

उक्त कार्यक्रममा मधुमेह टाइप १ का बिरामी बालबालिकाले आफ्नो भोगाइ राखेका थिए । बिरामी भएर पनि समयमा उपचार गर्दा सामान्य जीवन बिताउन सकिने उनीहरुको भनाइ थियो । गैँडाकोटमा रहेको विजय विकास स्रोत केन्द्रको ४७औँ स्थापना दिवसका अवसरमा आयोजित मधुमेह परीक्षणमा गैँडाकोट आधारभूत अस्पताल तथा क्वेस्ट फर्मास्युटिकल्स प्रालिले प्राविधिक सहयोग गरेका थिए ।

कार्यक्रममा विजय विकास स्रोत केन्द्रका अध्यक्ष कृष्णप्रसाद सापकोटाले मधुमेहबारे स्वास्थ्य सचेतना आवश्यक रहेर कार्यक्रम गरिएको बताउनुभयो । स्वास्थ्य नै ठूलो धन भएकाले मानिस स्वस्थ हुनका लागि खानपान र जीवनशैलीमा सुधार ल्याउनुपर्ने अध्यक्ष सापकोटाको भनाइ छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४